हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमतीप्रदेश, नेपाल

## घर भाडामा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति: २०८०/०५/१३**

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको तपसिल बमोजिमका वडा कार्यालय, शहरी स्वास्थ्य केन्द्र तथा पशु सेवा केन्द्र सञ्चालनको लागि घर भाडामा लिनु पर्ने भएको हुदाँ उल्लिखित क्षेत्र भित्रका घर भाडामा लगाउन ईच्छुक घरधनीहरुलाई यो सूचना प्रथम पटक प्रकाशन भएकों मितिले सात दिन भित्र आफूले भाडामा दिन चाहेको घरको विवरण खोली सिलबन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्न हुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | वडा कार्यालय तथा शहरी स्वास्थ्य केन्द्र | ठेगाना | न्युनतम कोठा संख्या | चारकिल्ला |
|---|---|---|---|---|
| १. | ५ नं. वडा कार्यालय | हेटौडा ५,मकवानपुर | ६ | पूर्व-मक्रान्चुली जाने बाटो, पश्चिम-कुलो, उत्तर- राइटोल जाने बाटो,दक्षिण- भित्री चिसापानी कान्तिराजपथसँग छोएको |
| २. | १६ नं. वडा कार्यालय | हेटौडा १६,मकवानपुर | ४ | पूर्व-सिपालीचोक, पश्चिम-जनप्रीय मावि नजिकको खहरे उत्तर-अशोक वाटिका दक्षिण- खहरे, हेटौडा-धरान- चतरा राजमार्गले छोएको |
| ३. | पशु सेवा केन्द्र बस्तिपुर | हेटौडा १९,मकवानपुर | ४ | पूर्व-बस्तिपुरको उकालो, पश्चिम-पेट्रोल पम्प, उत्तर- चर्च, दक्षिण-क्याम्पाडाँडा क्षेत्र भित्र पूर्व पश्चिम राजमार्ग क्षेत्रले छोएको |
| ४. | पिप्ले शहरी स्वास्थ्य केन्द्र | हेटौडा ५,मकवानपुर | ५ | पूर्व-मक्रान्चुली जाने बाटो, पश्चिम-कुलो, उत्तर- राइटोल जाने बाटो, दक्षिण- भित्रि चिसापानी कान्तिराजपथसँग छोएको |
| ५. | नकौली शहरी स्वास्थ्य केन्द्र | हेटौडा १, मकवानपुर | ४ | पूर्व- स्वर्गलोक पथको उकालो पश्चिम- रासी खोला, उत्तर- चौकीटोल, दक्षिण- रासिरोड क्षेत्र |

२०८०/०५/१३

फोन: ०५७५२५८३९/५४४८७६/५२३०४४ इमेल :info@hetaudamun.gov.np बेवसाइट :hetaudamun.gov.np

हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**न्युनतम शर्त**

१. भाडामा लिइने भवन पक्कि, शौचालय, खानेपानीको सुविधा भएको तथा बिद्युत सप्लाई नियमित भएको ।

२. पर्याप्तमात्रामा खुलाचौर वा पार्किङको व्यवस्था भएको।

३. घरधनीले मासिक वा वार्षिक घर भाडा दर उल्लेख आर्थिक प्रस्ताव सहितको कागजात सूचनाको म्याद भित्रै कार्यालय समयमा पेश गर्नु पर्नेछ।

४. म्याद नाघि आएको निवेदन उपर कुनै कारबाही हुने छैन ।

४. घर भाडामा लिने नलिने सम्बन्धमा कुनै विवाद भएमा वा अन्तिम अधिकार यस कार्यालयमा निहित हुनेछ।

५. घर धनीले पेश गरेको प्रस्ताव घरभाडा निर्धारण समितिमा पेश गरिने हुँदा उक्त समितिले निर्धारण गरेको दररेटमा मात्र घर भाडामा लिइने छ ।

६. माथि उल्लेखित शर्त बाहेक अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१) घरधनीले घरको विस्तृत विवरण सहित भाडा दररेट उल्लेख गरी पेश गरेका प्रस्ताव

२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

३) जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि,

४) घर नक्सा प्रमाण पत्रको प्रतिलिपि,

५) एकिकृत सम्पत्ति कर तिरेको रसिद,

६) कित्ता नम्बर स्पष्ट भएको नापी नक्सा,

२०८०/०५/१२

फोन: ०५७५२५८३९/५४४८७६/५२३०४४ इमेल :info@hetaudamun.gov.np बेवसाइट :hetaudamun.gov.np